**आकाशवाणी खरसाङः प्रादेशिक समाचार- नेपाली**
**मितिः २८ अप्रेल २०२६**
समयः १८:५० - १९:०५ बजे *(अवधि १५ मिनट)*

**प्रमुख समाचार**

१. प्रधान मन्त्री नरेन्द्र मोदीले सिक्किममा सम्पर्क र पूर्वाधार सुधारलाई सरकारले उच्च प्राथमिकता दिएको बताउनुभएको छ।

२. राज्यमा भोली हुने दोस्रो चरणको मतदानका लागि सबै तैयारीहरू पूरा गरिसकेको छ। कडा सुरक्षाबीच भोली १४२ सिटमा बिहान ७ बजेदेखि साझ ६ बजेसम्म मतदान हुनेछ ।

३. दक्षिण २४ परगना जिल्लामा खटाइएका IPS अधिकारी Ajay Pall Sharma लाई हटाउने TMC को याचिकालाई कोलकाता उच्च अदालतले अस्वीकार गरेको छ।

४. पूर्वोत्तर भारतीय रेलवेले १०० वर्ष पुरानो दार्जिलिङ हिमालयन रेलवेको स्टीम इन्जिनलाई पुनः संचालन गर्न सफल भएको छ।

५. मौसम विभागले उत्तर बङ्गालका विभिन्न जिल्लाहरूका अलग-अलग स्थानहरूमा भारी वर्षाको सम्भावना रहेको जनाएको छ।

**प्रधानमंत्री-सिक्किम**

प्रधान मन्त्री नरेन्द्र मोदीले सिक्किममा सम्पर्क र पूर्वाधार सुधारलाई सरकारले उच्च प्राथमिकता दिएको बताउनुभएको छ। गान्तोकको पालजोर स्टेडियममा राज्यको ५०औं राज्य स्थापना दिवस समारोहको समापन समारोहलाई सम्बोधन गर्दै उहाँले सिक्किमलाई पूर्वको स्वर्ग बताउनुभयो। प्रधानमन्त्रीले राज्यमा पर्यटन सम्भावनाको अपार सम्भावना रहेको बताउदै जैविक र प्राकृतिक खेतीमा सिक्किमको सफलता सम्पूर्ण देशका लागि उदाहरण बनेको बताउनुभयो। सस्तो स्वास्थ्य सेवा प्रदान गर्ने सरकारको प्रतिवद्धता व्यक्त गर्दै श्री मोदीले भन्नुभयो, आयुष्मान भारत पहल अन्तर्गत ७० वर्ष र माथिका गरिब र नागरिकहरूलाई नि:शुल्क आयुष्मान कार्ड वितरण गरिँदैछ। सिक्किमका युवाहरूको प्रशंसा गर्दै प्रधान मन्त्रीले भन्नुभयो, उनीहरूले फुटबल, बक्सिङ र तीरंदाजी जस्ता ठूला खेलहरूमा आफ्नो प्रतिभा प्रदर्शन गरेका छन्। उहाँले भन्नुभयो, खेलो इन्डिया र फिट इन्डिया मुभमेन्ट जस्ता पहलहरूले युवाहरूलाई आफ्नो क्षमता विकास गर्ने अवसर प्रदान गरिरहेका छन्।
प्रधान मन्त्रीले देशभरिका नागरिकहरूलाई सिक्किम भ्रमण गर्न प्रोत्साहित गर्नुभयो र उनीहरूलाई स्थानीय उत्पादनहरू किनमेल गर्न आग्रह गर्नुभयो । यसका साथमा उहाँले सिक्किमका जनताको असाधारण स्वच्छताको पनि प्रशंसा गर्नुभयो।
पूर्वोत्तरलाई राष्ट्रको अष्टलक्ष्मीको रूपमा सम्बोधन गर्दै श्री मोदीले भन्नुभयो, वर्तमान र आगामी परियोजनाहरूले यस क्षेत्रका जनताको जीवनमा महत्त्वपूर्ण परिवर्तन ल्याउनेछ।

**बाइट**

कार्यक्रममा उहाले पूर्वोत्तरमा ६ वटा क्रिकेट एकेडेमीका साथै ४,००० करोडको धेरै विकास परियोजनाहरूको उद्धाटन र शिलान्यास गर्नुभयो। कार्यक्रममा १५०० भन्दा अधिक कलाकारहरूले प्रस्तुत गरेको "१००० पाइलाहरू एकता" शीर्षकको जीवन्त सांस्कृतिक प्रदर्शनले देशको समृद्ध कला र संस्कृतिलाई प्रदर्शन गर्यो। प्रधान मन्त्रीले यस प्रस्तुतिलाई 'एक भारत, श्रेष्ठ भारत' को भावनाको साँचो प्रतिबिम्बको रूपमा वर्णन गर्नुभयो।

कार्यक्रममा सिक्किमका राज्यपाल ओम प्रकाश माथुर, मुख्यमंत्री प्रेम सिंह तमांग गोले, सिक्किमका बिभिन्न मंत्रीहरु सगै सांसदहरुको उपस्थित थियो। यसैबीच मुख्यमंत्री प्रेम सिंह तमांगले राज्यमा विकास पहलहरुका लागि प्रधानमंत्री प्रति आभार व्यक्त गर्दै विकसित भारतको परिकल्पनामा सिक्किमको योगदानको प्रतिबद्धतालाई दोहर्याउदै सफल रहेको बताउनु भयो । उहाँले भन्नुभयो श्री मोदीले जुन समय दिएर सिक्किममा ऑर्किडेरियमको भ्रमण गरी समय बिताउनु भयो त्यसले राज्यको पर्यटनलाइ धेरै टेवा दिने तथा राज्य अनि केन्द्रबीचको सम्बन्धलाई अझै बलियो बनाउनेछ

**बाइट**

यसअघि प्रधानमंत्रीले स्थानीय युवाहरुको साथमा फुटबॉल खेल्नुभयो भने गंगटोकको रिज पार्क स्थित ऑर्किडेरियमको भ्रमण गर्नुभयो। जहा सिक्किम जैविक विविधितले भरिपूर्ण रहेको बताउनु भयो ।

यसैबीच प्रधानमन्त्री नरेन्द्र मोदीले सिक्किमको सफल भ्रमन पुरा गरि उत्तर प्रदेसको वाराणसी पुग्नुभयो जहा महिला आक्रोस रयालीलाई सम्बोधन गर्नुभयो भने कैयन बिकास परियोजनाहरुको शिलान्यास एव उत्धाटन गर्नुभयो।

**दोस्रो चरण- चुनाव**

पश्चिम बंगालमा भोली हुने दोस्रो चरणको मतदानका लागि चुनाव अयोगले सबै तैयारीहरू पूरा गरिसकेको छ। ***आज बिहानदेखि पोलिंग पार्टीहरूलाई विभिन्न मतदान सामाग्रीहरूका साथ संबधित मतदान केन्द्रहरूमा पठाउने काम शुरू गरियो। साँझ सम्म मतदान कर्मीहरू आ-आफ्ना मतदान केन्द्रहरूमा पुग्ने छन्। प्रत्येक बुथमा पर्याप्त संख्यामा अर्धसैनिक बलहरूलाई तैनात गरिएको छ। भयमुक्त , शान्तिपर्ण , स्वतंत्र तथा निष्पक्ष मतदान सम्पन्न गराउने चुनाव अयोगको आदेशमा १५४३ जना असामाजिक तत्वहरूलाई हिरासतमा लिईएको छ।यस अपरान्त मतदानको दिन दुई चक्के वाहनमाथ सीमित निषेध लगाइएको छ। रक्सी दोकनहरू तीनदिन अघि देखिनै बनद गरिएका छन् तथा बंगलादेश सीमालाई पूर्णरूपले शील गरिएको छ। भोली कोलकाता, हावड़ा सहित ७ जिल्लहरूमा मदान बिहान ७ बजे देखि साँझ ६ बजी सम्म सम्पन्न गराईनेछ। यस अन्तिम चरणको चुनाव रहल ७ जिल्लाहरूका कूल १४२ सीटमा मतदान गराईने छ जसमा हुगली , नदिया, उत्तर २४ परगना, दक्षिण २४ परगना र पूर्व वर्धमान जिल्ला सामेल छन्। एक करोड़ ५७ लाख ३७ हजार ४१८ महिला एक करोड़ ६४ लाख ३५ हजार ६२७ पुरुष सहित कूल ३ करोड़ २१ लाख ७३ हजार ८३७ मतदाताहरूले १,४४८ उममेद्वारहरुो भग्यको फैसला गर्नेछन्। सुचारू मतदानको लागि ४१ हजार एम मतदान केन्द्र स्थापित गरिएको छ।***

**प्रशासन फेरबदल**

राज्यमा दोस्रो चरणको मतदान हुनुभन्दा एक दिनअघि पुलिस प्रशासनमा फेरि एक पटक ठूलो फेरबदल भएको छ। पछिल्लो समय दक्षिण बंगालका विभिन्न भागहरूमा हिंसा र झडपका घटनाहरूलाई ध्यानमा राख्दै निर्वाचन आयोगले निष्पक्ष र शान्तिपूर्ण मतदान सुनिश्चित गर्न कडा कदम चालेको छ। अतिरिक्त डीजी (कानून र व्यवस्था) द्वारा जारी एक अधिसूचनाका अनुसार, पहिलो चरणको मतदानमा तैनाथ २६ पुलिस अधिकारीहरूलाई दोस्रो चरणमा पनि ड्युटीमा राखिएको छ। रिपोर्टका अनुसार मुर्शिदाबादका अतिरिक्त पुलिस अधीक्षक (लालबाग) सिद्धार्थ दोर्जी, डलखोलाका एसडीपीओ रविराज अवस्थी, घटालका एसडीपीओ गायकवाड निलेश श्रीकान्त र नक्सलबाड़ीका एसडीपीओ सौम्यजीत रायलाई ब्यारेकपुर पुलिस कमिश्नरेटमा तैनाथ गरिएको छ। यस्तै हावडा पुलिस कमिश्नरेट एरियाको जिम्मा एसएसएफ बटालियन कमान्डेन्ट प्रवीण प्रकाशलाई दिइएको छ। उल्लेखनीय कुरा के छ भने चुनावको घोषणा भएदेखि नै लगातार पुलिस अधिकारी र आईपीएस अधिकारीको सरुवा भइरहेको छ। अन्य राज्यबाट पनि पुलिस पर्यवेक्षक खटाइएको छ। बिहार, तेलङ्गाना, दिल्ली, पञ्जाब र गुजरातका यी पर्यवेक्षकहरूलाई जिल्ला स्तरमा जिम्मेवारी दिइएको छ। निर्वाचन आयोगले यसअघि राज्य डीजीपी र कोलकाताको पुलिस आयुक्तको पदमा परिवर्तन गरेको थियो। पियूष पाण्डेको स्थानमा सिद्धिनाथ गुप्तालाई नयाँ डीजीपी नियुक्त गरिएको छ भने सुप्रतिम सरकारको स्थानमा अजय नन्दलाई कोलकाताको नयाँ पुलिस कमिश्नरको रूपमा नियुक्त गरिएको छ।

**निर्वाचन आयोग - मतदाता सूची**

निर्वाचन आयोगले सर्वोच्च न्यायालयको निर्देशनअनुसार पश्चिम बंगालमा दोस्रो चरणको मतदानअघि एक पटक फेरि अतिरिक्त मतदाता नामावली सार्वजनिक गरेको छ। न्यायाधिकरणमा पेश भएका निवेदनहरू निपटाउदै अद्यतित सूचीमा एक हजार ४६८ मतदाताहरू समावेश भएका छन् भने छ जनाको नाम हटाइएको छ। दोस्रो चरणमा सात जिल्लाका १४२ निर्वाचन क्षेत्रमा भोलि मतदान हुँदैछ। आयोगले पूरक सूचीमा समावेश भएकालाई मतदानको अधिकार दिने जनाएको छ।

**पश्चिम बंगाल विधानसभा चुनाव - केंद्रीय गृह मंत्रालय - पुलिस महानिदेशक (डीजीपी)**

पश्चिम बंगालमा भोलि हुने दोस्रो तथा अन्तिम चरणको चुनाउको ४८ घण्टाअघि केन्द्रीय गृह मन्त्रालयले राज्य सरकारका वर्तमान पुलिस महानिर्देशक सिद्धनाथ गुप्ताको कार्यकाल ६ महिनाका लागि बडाउन आदेश जारी गरेको छ। उहा यही महिनाको ३० तारिख अवकाश हुने कार्यक्रम थियो। यस सम्बन्धमा आधिकारिक पत्र जारी गरिएको छ। यस सम्बन्धमा जारी आदेशमा भनिएको छ, 'केन्द्र सरकारले पश्चिम बंगालका डीजीपी सिद्धनाथ सिंहको सेवा विस्तारलाई स्वीकृति दिएको छ। गृह मन्त्रालयले हिज जारी एक आदेशमा भनेको छ , उहालाई ३० अप्रिलपछि ६ महिना पदमा रहन अनुमति दिइएको छ। यो म्याद जनहितका लागि अखिल भारतीय सेवा नियमावली अन्तर्गत दिइएको हो। यो आदेशको एक प्रति निर्वाचन आयोग र बंगाल सरकारलाई पनि पठाइएको छ। यो म्याद शान्ति सुरक्षा र सुरक्षा व्यवस्था कायम गर्न महत्वपूर्ण मानिएको छ। गृह मन्त्रालयको यो निर्णयपछि राज्य पुलिस प्रशासनमा स्थिरता कायम रहने अपेक्षा गरिएको छ। सिद्धनाथ गुप्ता आईपीएस अधिकारी बनेपछि सुरुमा पुलिस सुपरिटेन्डेन्ट (एसपी) र पछि विभिन्न जिल्लामा वरिष्ठ पुलिस सुपरिटेन्डेन्ट (एसएसपी) को रूपमा काम गर्नुभएको छ। यी पदहरूमा उहाले शान्ति र सुव्यवस्था कायम गर्न, अपराध नियन्त्रण गर्न र पुलिस प्रशासनलाई बलियो बनाउन महत्त्वपूर्ण भूमिका निर्वाह गरिसक्नुभएको छ।

**HC - TMC**

दक्षिण २४ परगना जिल्लामा खटाइएका IPS अधिकारी Ajay Pall Sharma लाई हटाउने TMC को याचिकालाई कोलकाता उच्च अदालतले अस्वीकार गरि दिएको छ। अदालतले भनेको छ चुनाव आयोगद्वारा खटाइएका Observer हरूलाई हटाउन सकिदैन। स्मरण रहोस् उक्त प्रदेशका IPS अधिकारी Ajay Pall Sharma, दोस्रो चरणको चुनावलाई जिल्लामा शान्तिपूर्वक र निष्पक्ष रूपमा सम्पन्न गराउन TMC को गुन्डागर्दी विरुद्ध कारवाही गरि रहेका छन्। फलतः TMC उम्मेदवारले मतदाताहरूलाई BJP लाई भोट नहाल्ने परिणाम राम्रो हुँदैन भन्ने धम्की दिए पछि शर्माले छापामारी गर्दै TMC उम्मेदवार जहागीर खानको घरमा पनि छापामारी गरि चेतावनी दिएका थिए। जहागीरले Ajay Pall Sharma लाई ४ मे पछि भाग्न नदिने तथा कडा कारवाही गरिने चेतावनी दिएपछि राजनीतिक माहोल गर्म भइरहेको थियो। TMC नेता अभिषेक बनर्जी र मुख्यमन्त्री ममता ब्यानर्जिले पनि शर्मा र केन्द्रीय पुलिस बलहरूलाई धम्की दिएका थिए।

**DHR - 100yrs Steam Engine**

पूर्वोत्तर भारतीय रेलवेले १०० वर्ष पुरानो दार्जिलिङ हिमालयन रेलवेको स्टीम इन्जिनलाई पुनः संचालन गर्न सफल भएको छ। असमको न्यु बोगाईगाउँमा रहेको रेलवे कारखानामा यस ऐतिहासिक इन्जिनको पुन संचालन कार्य सम्पन्न गरियो।
स्मरण रहोस् यस इन्जिनको निर्माण १९२७ मा ब्रिटेनको Glasgow मा North British Locomotive Company ले गरेको थियो। आधुनिक तकनिकीको साथ यस धरोहर इन्जिनको पुनः संचालन गर्नाले बढी संख्यामा पर्यटकहरूलाई आकर्षित गर्नेछ। भारतीय रेलवेको इतिहासमा यसले एउटा स्वर्णिम अध्याय जोडेको छ। पूर्वोत्तर रेलवेका जनसम्पर्क अधिकारी Kapinjal Kishore Sharma भन्नु भएको छ – यस कार्यले प्रदर्शित गर्छ कि भारतीय रेलवेले आफ्ना धरोहरहरूलाई संरक्षित गर्नमा कति प्रतिबद्ध छ। ४ जुलाई १८८१ मा सिलगढी देखि दार्जिलिङ बीच रेल सेवा शुरू गरिएको थियो। त्यसताक देखि अहिले सम्म दार्जिलिङ हिमालयन रेलवेले निरन्तर रूपमा आफ्नो ७८ किमि ट्र्याक संचालित गर्दै आएको छ। दूवै स्टीम तथा डिजल इन्जिनहरू संचालनमा छन्। स्टीम इन्जिनले चल्ने यस रेलहरू देश-विदेशका पर्यटकहरूका लागि निकै आकर्षणको केन्द्र रहेका छन्। UNESCO ले ५ दिसम्बर १९९९ मा दार्जिलिङ हिमालयन रेलवेलाई विश्व धरोहर घोषित गर्यो। २०१४ पछि केन्द्र सरकारको पहलमा रेलवेले दार्जिलिङ हिमालयन रेलको विकासमा विशेष ध्यान दिएको छ। अहिले तीनवटा विशेष ट्राएल ट्रेनहरू पनि संचालनमा छन्। बित्तबर्ष २०२५-२६ मा DHR ले रेकर्ड २ लाख १५ हजार ४३२ यात्रीहरूलाई सवारी गरायो तथा २५ करोड ३७ लाख ७६ हजार ३० रुपियाँको राजस्व अर्जित गर्यो।

**गैड़ा मृत्यु**

सिलगड़ीको बंगाल सफारीमा रहेको एक मात्र गैड़ाको मृत्यु भएको जानकारी संबधित अधिरीहरूले दिएका छन्। पार्कका अधिरीहरू अनुसार भीम नाग गरेको यो गैड़ा केही दिन देखि बिमार अवस्थामा थियो। गैड़ाको मृत्यु पछि 'रिनो सफारी ' सेवा बन्द गरिएको छ। यो गैड़ा पर्यटहरूका लागि ठूलो आकर्षण थियो। नियमानुसर गैड़ो पास्टमार्टम पछि विधिवत अन्तिम संस्कार गरिएको छ। स्मरण रहोस यस गैड़ालाई तिस्ता नदी किनार महानन्दा वन्यजीव अभयारण्यमा भेटिएको थियो।बंगाल सफारीका निदेशक विजय कुमार अनुसार अलीपुरद्वार अभ्यारण्यमा आफ्नो साथी गैड़ा संग लड़ाई पछि यो गैड़ा हराएको थियो र पछि महानन्दा वन्य अभयारण्यमा फेला परेपछि बंगाल सफारीमा ल्याएर राखिएको थियो। निदेश अनुसर नयाँगैड़ा ल्याउने प्रयास चाँड़े शुरू गरिनेछ।

**UPSC**

खरसाङका डेन्डुप वाङ्गेल लामालाई भारतीय रिजर्भ बैंक (RBI) को प्रतियोगी परीक्षा सफलतापूर्वक उत्तीर्ण गरेको छ।RBI को परीक्षा एउटा कठिन परीक्षा हो। यस कठिन परीक्षामा खरसाङका एक जना युवाले उत्तीर्ण हुनु पहाडका अन्य युवाहरूका लागि एउटा प्रेरणा हो। राज्यसभा सांसद तथा पूर्व विदेश सचिव हर्षवर्धन श्रृंगलाले आज श्री लामालाई सफलता हासिल गरेकोमा संवर्धना जनाउनु भयो।

**मौसम**

केही दिनदेखि राज्यमा चर्को गर्मी भइरहेका बेला मौसम विभागबाट राहतको खबर आएको छ । मतदानको दिन कोलकातासहित धेरै जिल्लामा हावाको गति ६० किलोमिटर प्रतिघण्टाको हाराहारीमा पुग्न सक्ने बताइएको छ । यसैसँगै उत्तर बंगालका धेरै जिल्लामा भारी वर्षाको सम्भावना रहेको छ । अबको तीन दिनमा अधिकतम तापक्रम घट्ने अनुमान गरिएको छ । चर्को गर्मीका बीच तापक्रम केही घटेपछि सर्वसाधारणलाई केही राहत मिलेको छ ।

**********